# केदारस्यूँ गाउँपालिका
(Kedarsyun Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

9858454835 प्र.प्र.अ.
18105000043 टोल फ्री नं.
Email: kedarasyumun@gmail.co
Website:www.kedarasyumun.go


पत्र संख्या :-२०८०।०८१
चलानी नं. :-

देउरा,बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

---

**लागत सहभागितामा विधुतीय चुलो जडान गर्न निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः २०८०।१२।१५

यस केदारस्यूँ गाउँपालिका र सुन्दर नपाल संस्था सुर्खेत विच भएको सम्झौता अनुसार SNV/EnDev कार्यक्रमको आर्थिक एवं प्राविधिक सहयोगमा ३९.३२% अनुदान उपभोक्ताहरुको लागत सहभागितामा १२५ जनालाई नविकरणीय उर्जा आधारित विधुतीय चुलो र त्यसमा प्रयोग हुने भाडाहरुको सेट ( प्रेसर कुकुर र कराइ) वितरण गर्ने कार्यक्रममा सहभागी हुन गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने इच्छुक उपभोक्ताहरुले तपसिलको शर्तका अधिनमा रहि १५ दिन भित्र यस कार्यालयमा वा सम्बन्धित वडा कार्यालयहरुमा निवेदन पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. यो सूचना प्रकाशित गरिएको १५ औ दिन मिति २०८०।१२।२९ गते कार्यालय समय भित्र यस कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ। म्याद नाघी पेश भएका निवेदन मान्य हुनेछैन ।

२. प्रति विधुतिय चुलोको कुल लागत रु ८९००।०० मा गाउँपालिकाले रु. ३४००।०० र SNV/EnDev कार्यक्रमले रु. २०००।०० तथा उपभोक्ताले लागत सहभागिता बाफत रु. ३५००।०० व्यहोर्नु पर्नेछ । निवेदकले लागत सहभागिता बाफतको रकम रु ३५००।०० कार्यालयको नगदि रसिद बाट जम्मा गरि सो को सक्कल रसिद चुलो सामग्री बुझ्दाका बखत पेश गर्नुपर्नेछ ।

३. यो कार्यक्रम यस गाउपालिकाबासीका लागि मात्र भएकोले निवेदन साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा आफु गाउँपालिकाको स्थायी बासिन्दा भएको खुल्ने परिचय पत्र पेश गर्नु पर्नेछ ।

४. निवेदन साथ घरजग्गाको सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपि र विधुत उपभोक्ता भएको प्रमाण पेश गर्नु पर्नेछ ।

बोधार्थः

१ श्री केदारस्यूँ गाउँपालिकाका विधुत पुगेका सम्पुर्ण वडा कार्यालयहरु ।

२ श्री केदार एफ.एम. रेडियो देउरा, बझाङ्ग ।

पदमराज उपाध्याय
प्रमूख प्रशासकीय अधिकृत

पदमराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत




CamScanner